वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आर्क वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ८ ○अंक २०२ ○श्रेणी 'क' ○२०७३ वैशाख २० गते सोमबार ○2 May 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

वरिष्ठ सेफ श्याम दाहालद्वारा संचालित
श्याम दाहाल क्याटरिङ सर्भिस
रानीपौवा,पोखरा-११
फोन:०६१-५३०४७२, ४८५७०३५४७२,४८५३७५४२७७

हाम्रा सेवाहरू : शुभ विवाह, व्रतबन्ध, अन्नप्राशन, जन्मोत्सव आदि पार्टीका लागि आउटडोर, इन्डोर, हाफ वा फुल क्याटरिङको उत्कृष्ट सेवाका साथै लाइट र जेनेरेटर चाहिएमा पनि हामीलाई सम्झनुहोस् ।

विश्व मजदूर दिवसमा विभिन्न संगठनको छुट्टा-छुट्टै कार्यक्रम

अधिकारका लागि मजदूर एकतामा जोड

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ वैशाख ।

अन्तर्राष्ट्रिय श्रमिक दिवस विविध कार्यक्रम सहि पोखरामा मनाइएको छ । पोखरामा विभिन्न राजनीतिक दल निकट विभिन्न मजदूर संगठनहरुले छुट्टा-छुट्टै कार्यक्रम आयोजना गरि १२७ औं मजदूर दिवस मनाए । मजदूर संगठनहरुले छुट्टा-छुट्टै कार्यक्रम आयोजना गरेपनि आवाज भने एउटै उठाएका छन् । उनीहरुले मजदूरहरु एकता नभएसम्म हक अधिकार प्राप्त हुन नसक्ने ठोकुवा गरेका छन् । उनीहरुले मजदूरको हक अधिकारका बारेमा धेरै कुरा हुने गरेको, नीति नियम बनेपनि कार्यान्वयन नभएको र राजनीतिक पाटी र नेताले पनि मजदूरलाई भन्याङ बनाउदै आएको भन्दै मजदूरको हक अधिकारका लागि सबै मजदूरहरु एक हुनुपर्नेमा जोड दिए । यसैक्रममा नेपाल ट्रेड यूनियन कांग्रेस कास्कीले अन्तर्किया कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा बोल्ने वक्ताहरुले नेपाली मजदूरलाई राजनीतिक दलहरुले भात् संस्थाको रुपमा प्रयोग गर्दा मजदूरका समस्या हल नभएको गुनासो गरेका थिए । उनीहरुले मजदूरको सामाजिक सुरक्षा भत्ता, वैदेशिक रोजगारलाई मर्यादित एवं सुरक्षित, कार्यथलोटाटै मजदूरको मताधिकार सुरक्षित, राज्यको नीति निर्माण तहमा १० प्रतिशत

मजदूर दिवसको अवसरमा नेपाल ट्रेड यूनियन महासंघ (जिफण्ट) गण्डकी धौलागिरीको कार्यक्रममा सहभागीहरु

श्रमिकको प्रतिनिधित्व, आइएलओ अभिसन्धी अनुमोदन, श्रम सम्बन्धी ऐनहरु पारित, राशन कार्डको व्यवस्था, अनौपचारिक क्षेत्रका मजदूरको सामाजिक सुरक्षा लगायतका विषयमा आवाज उठाएका थिए । साथै मजदूर दिवसलाई दिवसका रुपमा मात्र मनाउन नहुने भन्दै २१औं शताब्दीमा मजदूरलाई समयानुकुल सेवा सुविधा र प्राविधिक ज्ञानमा दक्ष बनाउन ट्रेड यूनियन कंग्रेसले पहल गर्नुपर्नेमा उनीहरुले जोड दिएका थिए ।

कार्यक्रमका प्रमुख अतिथि विश्वेश्वर पराजुलीले नेपाल ट्रेड यूनियन कांग्रेस नेपाली कांग्रेसका भातृ संस्था नभई शुभेच्छुक संस्थामात्र भएको स्पष्ट पार्दै कर्मचारी संघका क्षेत्रीय अध्यक्ष रामकुमार श्रेष्ठ, मजदूर नेता कमल सापकोटा, नारायणबहादुर पौडेल, तारा श्रेष्ठ, नाई संघका विगुल लाल ठाकुर, लालिमाया रेग्मी लगायतले मजदूरलाई राष्ट्रले बुझ्न नसक्दा देशको विकास हुन नसकेको भन्दै चिन्ता प्रकट गरेका उद्योगपति व्यापारी र आयात निर्यात कर्तावाट अशुल्ने चन्दा नकारात्मक भएको टिप्पणी गरे। कम्युनिष्टहरु को दोहोरो भूमिकाका कारण पनि सन् १९५० देखिको मजदूरको समस्या हल नभएको उनले जिकिर गरे ।

कार्यक्रममा नेपाल खानेपानी संस्थान कर्मचारी संघ केन्द्रीय महासचिव केदार धमलाले मजदूरको सम्मान नहुदासम्म राष्ट्रको विकास नहुने स्पष्ट पारे । नेपाल ट्रेड यूनियन कांग्रेस जिल्ला सदस्य समेत रहेका धमलाले नेपाली कांग्रेस ले मजदूरको समस्या सम्बोधन गर्न नसक्दा मजदूरको अवस्था दयनीय बन्दै गइरहेको स्पष्ट पारे । कार्यक्रमामा वित्तीय संस्था कर्मचारी संघका क्षेत्रीय अध्यक्ष रामकुमार श्रेष्ठ, मजदूर नेता कमल सापकोटा, नारायणबहादुर पौडेल, तारा श्रेष्ठ, नाई संघका विगुल लाल ठाकुर, लालिमाया रेग्मी लगायतले मजदूरलाई राष्ट्रले बुझ्न नसक्दा देशको विकास हुन नसकेको भन्दै चिन्ता प्रकट गरेका थिए । नेपाल ट्रेड यूनियन कांग्रेस कास्कीका कार्यवाहक अध्यक्ष झाज शर्माको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष घनश्याम रेग्मी र संचालन सहसंचिव रुद्रप्रसाद तिमिल्सिनाले गरेका थिए ।

यसैगरी एमाओवादी निकट मजदूर संगठन अखिल नेपाल ट्रेड यूनियन महासंघ कास्कीले पनि मजदूर दिवसमा शुभकामना आदान-प्रदान तथा प्रशिक्षण कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा उद्घाटन गर्दै एमाओवादीका केन्द्रीय सदस्य एवं पूर्व सांसद राजकाजी गुरुङ (करण) ले श्रमजीवि मजदूरहरुको आशा अभैपनि माओवादीमै रहेको बताए ।

उनले आम उत्पीडित वर्ग, मजदूर, किसानहरुमा अझै पनि मुलुकमा कसैले गर्छ भने त्यो माओवादीले नै गर्छ भन्ने आशा रहेको स्पष्ट पारे । माओवादी जनयुद्धले नै मजदूरको मुहा स्थापित गरेको बताउदै नेता करणले शान्ति प्रक्रियामा आएपछि कार्यान्वयन गराएको स्मरण गरे ।

कार्यक्रममा एमाओवादी कास्की अध्यक्ष दीपक कोइरालाले ट्रेड यूनियन आन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै अगाडि बढ्नुपर्ने बताए । उनले माओवादी आन्दोलन वर्गीय लडाई पनि भएकोले ट्रेड यूनियन आन्दोल र माओवादी आन्दोलन एक अर्कोको परिपूरक भएको धारणा राखे । कोइरालाले भने,-'माओवादी आन्दोलन सुदृढ हुँदा मात्रै ट्रेड यूनियन आन्दोलन सुदृढ हुन्छ ।' कार्यक्रममा तमु राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष क्षेत्रानसिंह तमु (आभाष) ले एकपटक फेरी अधिकार प्राप्तिको आन्दोलनमा अगाडि बढ्नुको विकल्प नभएको बताए । उनले संविधानमा उल्लेखित हक अधिकारहरु कार्यान्वयन नहुने खतरा रहेकोले खबरदारी गर्ने मजदूरहरुलाई आग्रह गरे ।

प्रशिक्षणमा एमाओवादी नेता लालमोहन तिवारी, अखिल नेपाल ट्रेड यूनियन महासंघका ४ नम्बर प्रदेश संचिव राजेन्द्र न्यौपाने, अखिल नेपाल होटल, रेस्टुरां तथा क्यासिनो मजदूर संघका केन्द्रीय उपाध्यक्ष पिआर जोशी, एकीकृत अखिल नेपाल शिक्षक संगठनका जिल्ला संयोजक गोपालमणि लामिछाने, वाइसिएल कास्कीका सह-संचिव सुवास पौडेल, मजदूर प्रतिनिधि फिदुलाल चौधरी, लक्ष्मी

बाँकी अन्तिम पृष्ठमा.....

प्रजातन्त्रवादी प्राध्यापक संघमा पराजुली

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ वैशाख ।

प्रजातन्त्रवादी प्राध्यापक संघ, पृथ्वी नारायण क्याम्पस पोखराको चौथो अधिवेशनबाट अध्यक्ष पदमा दीपेन्द्र पराजुली निर्वाचित भएका छन्। शनिवार सम्पन्न निर्वाचनमा कुल खसेको २२८ मतमध्ये पराजुलीले १३८ मत ल्याए भने प्रतिस्पर्धी प्रा.डा.अक्कल देव मिश्रले ८७ मत ल्याएका थिए । यस्तै उपाध्यक्ष पदमा कविराज आचार्य १२६ मत सहित विजयी भए भने अर्को प्रत्यार्शी भीमनाथ वरालले ९६ मत प्राप्त गरेका थिए । यस्तै सचिव पदमा बोधराज ढकाल १२८ मत सहित विजयी भए भने सहसचिव र कोषाध्यक्षमा क्रमशः बोधराज गौतम (निर्विरोध निर्वाचित) र वेनी माधव बुंगाना (१२० मत) तथा सदस्यहरुमा गुरुदत्त शर्मा (१५५ मत), रवि काकी (१५१ मत), नारायण पौडेल (१४९ मत), शान्ता कोइराला (१४२ मत), शोभाकान्त गौतम (१३४ मत) तथा रामबाबु मण्डल (१३० मत) निर्वाचित भएका छन् । अध्यक्ष पदमा विजयी भएपछि पराजुलीले आफुलाई मत दिने र नदिने सबैलाई सम्मानजनक व्यवहार गर्ने र प्रजातन्त्रवादी प्राध्यापकहरुको हक हितका लागि आफु सदैव समर्पित रहने धारणा राखे भने प्रा.डा. अक्कल देव मिश्रले प्रजातान्त्रिक अभ्यासले संगठन बलियो हुने र आफुले कार्य समितिलाई पूर्ण सहयोग गर्ने प्रतिक्रिया दिए । प्राध्यापकहरु कृष्ण प्रसाद तिमिल्सिना, विष्णु प्रसाद शर्मा र राजु क्षेत्रीसहितको ३ सदस्यीय निर्वाचन समितिले निर्वाचन कार्यक्रम सम्पन्न गरेको थियो । संघको मतदाता सूचीमा २३९ प्रजातन्त्रवादी प्राध्यापकहरु रहेको निर्वाचन समितिका सदस्य विष्णु प्रसाद शर्माले जानकारी दिए ।

प्रतिभा छनौट कमिटी गठन

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ वैशाख ।

नेपाल पत्रकार महासंघ कास्की शाखाले विभिन्न पत्रकारिता पुरस्कार प्रदान गर्न आइतवार प्रतिभा छनोट समिति गठन गरेको छ । शाखाका अध्यक्ष रामकृष्ण ज्ञवालीको अध्यक्षतामा आइतवार बसेको बैठकले प्रतिभा छनोटको लागि चार समिति गठन गरेको हो । पोखरा पत्रकारिता पुरस्कार छनोट समितिमा नारायण काकी, कृशुम केशव पराजुली र पुष्प पौडेल, गजेन्द्र भण्डारी सिर्जनशील पत्रकारिता पुरस्कार छनोट समितिमा नवराज सुवेदी, रमेश पौडेल र रुद्र भट्ट, मीना गुरुङ सिर्जनशील पत्रकारिता पुरस्कार छनोट समितिमा शान्ति गुरुङ, हेमराज वराल र शुभा पौडेल चयन भएका छन् । सबै प्रतिभा छनोट समितिमा अध्यक्ष रामकृष्ण ज्ञवाली र संचिव त्रिभुवन पौडेल पदेन सदस्य रहने व्यवस्था छ । छनोट समितिको पहिलो बैठकले संयोजक तोक्ने छन् ।

एलआइसी बीमक संघ पोखरामा गुरुङ

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ वैशाख ।

पेशागत बीमा अभिकर्ता संघ नेपाल एलआइसी बीमक संघ पोखरा शाखाको आइतवार सम्पन्न तेश्रो अधिवेशनले रुकबहादुर गुरुङको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमितिको चयन गरेको छ । समितिको उपाध्यक्षमा शुशिल ढुंगाना, सचिवमा नविन घायल, सहसचिवमा विमल भण्डारी र कोषाध्यक्षमा रामप्रसाद आचार्य चयन भएका छन्। समितिको सदस्यमा शम्भु लुइटेल, यज्ञबहादुर नेपाली, नमराज क्षेत्री, छवि पौडेल, पारस द्वा, यादव कुमार श्रेष्ठ, सरस्वती के.सी काकीं र गीता चापागाई रहेका छन् ।

यसअघि अधिवेशनको उद्घाटन गर्दै पेशागत बीमा अभिकर्ता संघ नेपालका कार्यवाहक अध्यक्ष नन्दप्रसाद तिवारीले राज्यले बिमाको विस्तारका लागि योजना ल्याउन नसकेको उल्लेख गरे । उनले बीमाका विषयमा चेतना नहुँदा ठूलो हिस्सा बिमावाट विमुख बनेको बताए । कार्यक्रममा एलआइसी बीमक संघका केन्द्रीय अध्यक्ष महजंनले बिमा सम्बन्धी संशोधन विधयकले अधिकर्ताका अधिकार सेवामा कटौती गरेको बताए । एलआईसी बीमक संघ पोखरा शाखाका अध्यक्ष रुकबहादुर गुरुङको अध्यक्षतामा भएको उद्घाटन सत्रमा एलआइसी पोखरा शाखाका प्रमुख सोनबहादुर आले, पेशागत बीमा अभिकर्ता संघका केन्द्रिय सदस्य केदारनाथ अधिकारी, सल्लाहकार दामोदर बसौला, एलआइसी बीमक संघका



केन्द्रीय उपाध्यक्ष लालप्रसाद अधिकारी, मेटालाइफका एजेन्सी म्यानेजर अर्जुन सिरदेल, प्राइम लाइफका एजेन्सी म्यानेजर सन्तोष गौतम, नेपाल लाइफ इन्सुरेन्सका एजेन्सी म्यानेजर प्रविण पोखरेल, लोकदोहोरी गायक जीवन ढकाल लगायतले बिमाको महत्वका विषयमा चर्चा गरेका थिए । कार्यक्रममा एक दशक भन्दा लामो समयदेखि बीमाको क्षेत्रमा क्रियाशिल इन्द्रप्रसाद ढकाई सम्मान गरिएको थियो । यसैगरी एलआइसी पोखरा शाखा अन्तर्गत एमडीआरटी बन्न सफल तथा उत्कृष्ट महिला तथा पुरुष अभिकर्तालाई सम्मान गरिएको थियो । कार्यक्रममा उपाध्यक्ष शुशिल ढुंगानाले स्वागत र संचिव नविन घायलले संचालन गरेका थिए ।

नेविसंघको महाधिवेशन तय

काठमाडौं १९ वैशाख ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसको भातृ संगठन नेविसंघको महाधिवेशन आगामी असार पहिलो साता हुने भएको छ। नेविसंघका अध्यक्ष रोज्जत कर्णे पाटी सभापति शेरबहादुर देउवालाई बुढानीलकण्ठ निवासमा भेटी संघले असार पहिलो साता महाधिवेशन गर्ने तयारी थालेको जानकारी दिए। देउवाले कर्णलाई बोलाएर नेविसघ महाधिवेशन तयारीबारे जानकारी लिएका हुन् । उनले पार्टीको प्रतिष्ठासंग गासिएकाले नेविसघको महाधिवेशन यथाशीघ्र गर्न निर्देशन दिएको भेटमा सहभागीले जानकारी दिए । कर्णेले अबको १० दिनभित्र नेविसंघको केन्द्रीय समितिको बैठक गरी महाधिवेशनको मिति तय गरिने जानकारी देउवालाई गराए । सभापति देउवाले आइतवारै नेविसंघ हेर्ने निर्देशक समितिको संयोजकको जिम्मेवारी केन्द्रीय सदस्य प्रकाश शरण महतलाई दिएका छन् ।

इजरायल खुल्यो,
हिब्रु भाषा
सिकौं, दक्ष बनौं
कक्षा सञ्चालन भईरहेको छ।
STUDY, WORK & LIVE IN
EUROPE
POLAND, MALTA, GERMAN, SLOVENIA, NETHERLANDS
Apply without IELTS | +2 students | SLC students can also apply
- Schengen Visa / EU Member,
- Work while studying,
- Affordable Tuition fee,
- High Visa Success Rate,
- Easy Documentation,
- Refusal from USA/UK/Ireland/ Australia/New Zealand are welcome.

ROYAL
INTERNATIONAL EDUCATION NETWORK PVT. LTD.
www.royalien.com
email: info@royalien.com
विप्लेदुङ्गा
दोधो तल्ला, बतास मल्ल कम्प्लेक्स्
फोन: ०६१-५४१०४१
रानीपोवा
घर नं ५०, नेपाल टेलिकमको अगाडि
फोन: ०६१-५३३३८६

CG SMARTPHONE
Touching life everyday
नयाँ प्रविधिसंगै
अब नजिकिन्दैछ सारा संसार
EON Edge
Live On The Edge
MRP. 11, 999/-
EON Blaze
Brighter side of you
MRP. 10,999/-
ÅSTRO 3k
Power Share गरौं
MRP. 2,399/-
Marketed by
CG MOBILES PVT. LTD
www.cgmobiles.com
www.cgdigital.com.np
Authorised Distributor:
Pokhara Electronics Center, Pokhara, Ph. 9856020797/ 9816192459

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np

■ रिसलाई प्रेमले, झगडालाई मेलले र अन्धकारलाई प्रकाशले जितौं
- पूर्वराजा महेन्द्र शाह

सम्पादकीय ...

मजदूर दिवस र आवश्यकता

मे १ अर्थात अन्तर्राष्ट्रिय श्रमिक दिवस । सबा सय वर्ष अगाडि आफ्नो अधिकारका लागि मजदुरहरुले विद्रोह गरेको दिनको सम्झनामा विश्वभरि यो दिवस मनाउने गरिन्छ । आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको माग गर्दै अमेरिकाको सिकागो शहरका मजदुरहरुले मे १ सन् १८८६ मा आमहड्तालमा आह्वान गरेको दिनको सम्झनामा हिजो आइतबार यो दिवस मनाइयो । अमेरिकी मजदुरहरुले आह्वान गरेको यो निर्णायक आमहड्तालमा कैयौंलाई फाँसी दिइयो, हजारौं घाइते भए । अन्ततः मजदुरका माग पूरा गर्न त्यहाँको सरकार तयार भयो । सन् १८८९ मा पेरिसमा भएको संसारभरिका मजदुर प्रतिनिधिको बैठकले मजदुरहरुले निर्णायक आन्दोलनको शुरुवात गरेको सम्झनामा मे १ लाई अन्तर्राष्ट्रिय श्रमिक दिवसको रुपमा मनाउने निर्णय गरेको थियो । त्यतिबेलादेखि नै विश्वभरि यो दिवस मनाउन थालिए पनि नेपालमा सन् १९६३ देखि यो दिवस मनाउन शुरु गरिएको हो । अहिले पनि निरन्तर यो दिवस मनाउने काम भइरहेको छ । कुनै पनि दिवस मनाउनु इतिहासको सम्झना मात्र होइन, वर्तमानको समीक्षा र भविष्यको आकलन पनि हो । मजदुर दिवसलाई पनि यही अर्थमा मनाउनु उपयुक्त हुनेछ । समाज विकासको स्थिति हेर्दा सन् १९८९ को अवस्था र आजको अवस्थामा धेरै परिवर्तन आएको छ । मजदुरका मूलभूत एजेण्डा पनि परिवर्तन भएका छन् तर मजदुरका समस्या उस्तै छन् । सबा सय वर्षअघिको जस्तो अब आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन मजदुरहरुको अहिले मुख्य एजेण्डा छैन । सूचना प्रविधिको विकासमसँगै दशौं घण्टामा हुने काम अब एकै घण्टामा गर्न सम्भव भएको छ । विश्वकमा जुनसुकै कुनामा बसेर पनि विश्वभरिको काम गर्न सकिने अवस्थासमेत सिर्जना भइरहेको छ । यो हिसाबले हेर्दा समय र भूगोल अब महत्वपूर्ण सवाल रहेन । बरु कामअनुसार पारिश्रमिक, समान कामको समान ज्यालाा र श्रमिकको सामाजिक सुरक्षा आजका दिनमा मुख्य-मुख्य एजेण्डा बन पुगेका छन् । अझ नेपालको परिवेशमा त झण्डै सात दशक लामो राजनीतिक संघर्षको फलस्वरुप संविधानसभाबाट संविधान जारी भइसकेको अवस्थामा अब संविधान कार्यान्वयनबाट नै मजदुरको भविष्य सुरक्षित गर्नुपर्ने लाग्पुर्ने दायित्व थपिएको छ । नयाँ संविधानले श्रम र श्रमिकको सवाललाई मौलिक हकमै राखिसकेको छ । संविधानको धारा ३३ ले प्रष्टरुपमा प्रत्येक नागरिकलाई रोजगारीको हक हुने तथा रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता सँधीय कानुन बमोजिम हुने उल्लेख गरेको छ । यसले प्रत्येक नागरिकलाई रोजगारीको छनोट गर्न पाउने हकसमेत सुनिश्चित गरेको छ । त्यस्तै संविधानको धारा ३४ ले श्रमको हकलाई स्पष्ट गर्दै भनेको छ-'प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ । प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ । प्रत्येक श्रमिकलाई कानूनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ ।' संविधानले श्रमिकको परिभाषा पुऱ्याउँदै 'पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदूर' लाई मजदूर भनेको छ । प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक र सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक नै यो संविधानले दिएको महत्वपूर्ण उपलब्धि हो । अहिले मजदूरहरु शारीरिक र पेशागत दुवै हिसाबले असुरक्षित छन् भने सबैभन्दा चुनौती त उनीहरुको सामाजिक सुरक्षाको सवाल रहेको छ । एउटा मजदूरले काम गर्न सक्ने अवस्थासम्म उसले पारिश्रमिक पाउँछ, त्यसपछि उ अशक्त बिरामी भएमा उसको भविष्य धरापमा पर्छ । यही समस्याको समाधान गर्न संविधानले श्रमिकको सामाजिक सुरक्षालाई मौलिक हकमै राखेको छ । कम्तिमा एउटा मजदूरको निश्चित अवधि पार गरेपछि पेन्सन, जीवन बिमा, सहुलियतमा स्वास्थ्योपचार, सन्तानको पठनपाठनमा सहुलियत र सन्तानको रोजगारीसमेत सुनिश्चित गर्ने गरी श्रमिकको सामाजिक सुरक्षाको हकलाई कानूनमा व्यापक बनाउँदै लगेर चाँडोभन्दा चाँडो कार्यान्वयन गर्नु जरुरी छ । यसमा राज्य, रोजगारदाता र श्रमिकले निश्चित प्रतिशत योगदान गर्ने गरी ऐन बनाउनु आवश्यक छ ।

आजको पञ्चाङ्ग

मिति २०७३ साल वैशाख २० गते सोमबार, तदनुसार मइ २ सन् २०१६, श्रीशार्के १९३७, नेपाल संवत् ११३६, सौम्यनामक: संवत्सर:, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् वसन्त ऋतु चलिरहेको छ । चान्द्रमास अनुसार वैशाखकृष्णपक्ष चलिरहेको छ सौरमान अनुसार आज वैशाखकृष्णपक्षको दशमी अहोरात्र रहनेछ आज सूर्य मेष राशिमा,चन्द्रमा कम्भ राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३३ घटि ० पलाको रहनेछ आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर २६ मिनेटमा मैत्र मूहर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर ३८ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : विवेशबाट धन आउन सक्ने, नयाँ जोजगारको अवसर मिल्न सक्ने, पढाइबाट उत्कृष्ट नतिजा प्राप्त ।

वृष : गर्न खोजेको कार्य असफल, मनमा तनाव बढ्नेछ, भ्रमण कठिनपूर्ण रहने, बाथ रोगले सताउने छ सतर्क हुनुहोला ।

मिथुन : राजनैतिक तनाव हुनेछ, वैवाहिक कार्य असफल हुन सक्ने, नकरात्मक विचारले सताउनेछ, दिन खराब रहेको छ ।

कर्कट : छिमेकीसंग कलह चर्किने, व्यापारबाट नोक्सानी, सामाजिक सम्मान पाउनबाट वञ्चित, दिन खराब छ ।

सिंह : राजनीतिबाट खुशीका खबर प्राप्त, रमाईलो ठाँउमा भ्रमण हुने, आर्थिक क्षेत्रको सोचाईले आम्दानीमा वृद्धि हुनेछ ।

कन्या : साहित्यिक क्षेत्रमा सकियता बढ्ने,प्रेमिकासंग भेटघाट, बौद्धिक क्षेत्रबाट लाभ मिल्नेछ, आम्दानी राम्रो रहेछ ।

तुला : शारीरिक पीडा थपिने, मानहानी हुन सक्नेछ, आम्दानीका स्रोतहरु घट्ने, विशेष मान्छेबाट धोका हुन सक्नेछ ।

वृश्चिक : शत्रुहरु सकिय हुनेछन्, गरेको कामबाट जस नपाइने, काममा अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ रहने छैन ।

धनु : जोखिम कार्य सफल हुने, यात्रा फलदायी, तार्किक क्षमताको विकास, अध्ययनमा सफलता मिल्नेछ ।

मकर : सोचेजति काम गर्न असफल, इष्टमित्रको विरोध झेल्नुपर्नेछ,जागिरबाट धोका हुन सक्ने चनाखो हुनुहोला ।

कुम्भ : आफ्नो मान्छे संग भेटघाट, घरमा नयाँ चहलपहल, राजनैतिक क्षेत्रमा मन जानेछ, सामाजिक सहयोग प्राप्त ।

मीन : पत्रकारिता पेशाबाट धोका, धनमाल हरायन वा गुम्न सक्छ, आर्थिक समस्या पर्दा परिवारमा किचलो बढ्नेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४९१४७६९१

बाघमारा सहकारीद्वारा बृद्ध-बृद्धालाई सम्मान

पोखरा १९ वैशाख ।(गोल्डेन)

बाघमारा वचत तथा ऋण सहकारी संस्था, भरतपोखरीले चौथो वार्षिकोत्सव अवसरमा आइतवार पोखरा बृद्धाश्रमका बृद्धबृद्धालाई सम्मान गरेको छ । संस्थाले उक्त अवसरमा फलफूल तथा खाद्यान्न वितरण गरेको छ । व्यवसायिक कृषि, पशुपालन, शीक्षक एवं सानातथा मझौला उद्यमशीलतालाई विकासका लागि सामाजिक उत्तरदायित्व सहित संस्थाले उक्त सम्मान गरेको अध्यक्ष डिल्लीराम बरालले जानकारी दिए ।

कार्यक्रममा ९७ वर्षका रिवान गाविसका नन्दलाल दाहाल र पोखरा २३ निर्मलपोखरीकी ८७ वर्षीया उमादेवी पौडेल र पोखरा बृद्धाश्रमका अध्यक्ष वसन्तकेशव पराजुलीलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो । बृद्धाश्रममा १४ जिल्ला ६४ जना बृद्धाबृद्धा आश्रित छन् । प्रमुख अतिथि जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष रविरमण तिवारी

र संस्थाका अध्यक्ष डिल्लीराम बरालले उनीहरुलाई सहयोग स्वरुप फलफूल र खाद्य सामग्री वितरण गरेका थिए । तिवारीले सामाजिक उत्तरदायित्व स्वरुप यस खालको कार्यक्रम गरेकोमा प्रशंसा गरे । उनले विभिन्न जिल्लाका सहकारीहरुले क्षमता अनुसार बृद्धाश्रममा आएर सहयोग गरेमा पुण्यलाभ हुने बताए । कार्यक्रममा छोरीपटन उच्च मावि विद्यालय व्यवस्थापन समिति अध्यक्ष समाजसेवी टीकाराम पौडेल, कार्यक्रम संयोजक रामभोहन आचार्य, जिल्ला सहकारी संघ लेखा समिति सदस्य महेश्वर अधिकारी, संस्थाका लेखा समिति संयोजक तुलसीमणि अधिकारी, ऋण समिति संयोजक बाबुराम लामिछाने, शिक्षा समिति संयोजक प्रकाश अधिकारी, सचिव नन्दलाल काफले, पालुवा बचत तथा ऋण सहकारी अध्यक्ष टुकनाथ आचार्य, पोखरा बृद्धाश्रमका अध्यक्ष वसन्तकेशव पराजुलीले मन्तव्य व्यक्त गरेका थिए । २०७० साल वैशाख २० मा स्थापित सहकारीमा हाल ५ सय ६४ शेयर सदस्य छन् ।

संस्थाले ५ करोड निक्षेप संकलन गरेको छ भने ४ करोड २४ लाख रुपैयाँ कृषि र व्यवसाय क्षेत्रमा लगानी गरी ग्रामीण क्षेत्रकी सहकारी विकासमा लगुना बनेको छ । सहकारीले विविध कार्यक्रम सहित वार्षिकोत्सव मनाउँदैछ ।

रोट्रयाक्टको कार्यक्रम

पोखरा १९ वैशाख ।

रोट्रयाक्ट क्लब पोखरले नयाँ वर्ष-२०७३ सालको अवसरमा शुभकामना आदान-प्रदान तथा प्रतिस्पर्धात्मक विभोचन कार्यक्रम आइतवार सम्पन्न गरेको छ । एक समारोहकाबीच क्लबका वर्तमान अध्यक्ष सुजन लामिछाने, पूर्व अध्यक्षहरु क्रमशः शोभाकान्त सिग्देल, अर्जुन खनाल र दिपक तिवारीले संयुक्त रुपमा विमोचन गरेका थिए । रोट्रयाक्ट क्लब अफ पोखराका अध्यक्ष सुजन लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा रोट्रयाक्ट क्लब अफ न्यूरोडका निर्वाचित अध्यक्ष सुनज रेग्मी, रोट्रयाक्ट मिड्टाउनका निर्वाचित अध्यक्ष नवराज आचार्य, जोनल सचिव संजीव पौडेल लगायतले क्रियाकलाप को चर्चा गरेका थिए भने सचालन रोट्रयाक्ट पोखराका सदस्य अमृत सुवेदीले गरेका थिए । क्लबले विगत १४ वर्षदेखि पोखरामा व्यक्तित्व तथा नेतृत्व विकासका साथै सामाजिक कार्यकमहरु संचालन गर्दै आइरहेको छ ।

मिसटिन गण्डकी जेठको दोस्रोसाता हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ वैशाख ।

'सुन्दर नारीको सुन्दरलाई निखार ल्याउन धेरै कन्टेष्ट हुदै आएका छन् । ती कन्टेष्टले युवतीको बाहिरी सुन्दरता मात्रै नभई आन्तरिक सुन्दरतालाई झल्काउछ । सुन्दरता झल्काउन गरिने कार्यक्रमले युवतीलाई आवश्यक प्लेट फर्म समेत उपलब्ध गराउदै आएको छ । पोखरामा जेठको दोस्रो सातादेखि मिस टिन गण्डकीको दोस्रो संस्करण शुरु हुदै छ ।

त्यसको लागि युवतीहरुले आफनो बाहिरी सुन्दरतासँगै आन्तरिक प्रतिभालाई पनि जाँच्ने अवसर पाउने छन् । बेंच इन्टरटेनमेन्टले सुन्दरी प्रतियोगिता को दोस्रो संस्करणको तयारीमा जुटिरहेको छ । 'जेठको १५ गते क्षत्रीले भने-'डेढ महिनाको प्रशिक्षणपछि ग्राण्ड फिनालीमा उतार्ने छौं ।' अडिसन विशेष गरी गण्डकी अञ्चलका तीन जिल्लामा लिइने छ ।

तर्खाई को दमौली, स्याङ्जाको पुतलीबजार र कास्कीको पोखरामा गरिने उनले बताए । तीन जिल्लाबाट गरिएको अडिसनबाट युवतीलाई विभिन्न प्रशिक्षण समेत दिईने छ । त्याग्पमा क्याट वाक, क्षमता अभिवृद्धि, सौन्दर्य कक्षा, डिजाईन सम्बन्धी क्लास, रिपोर्ट राईटिङ, स्थलगत अध्ययन लगायतको विषयमा प्रशिक्षण गराइने छ । मिस टिन गण्डकीको लागि पोखरा किर्याटिभ अवार्ड हाउस, एडमाक ट्रुस एण्ड ट्राभल्स, द नेक्स्ट एजुकेशन, सवलाईम उच्चमार्ग, दार्लाचीनी क्याफे, वी एण्ड वी हार्डवेयर लगायतले सहयोगी भूमिका खेलेका छन् । ग्राण्ड फिनाली पोखरा सभागृह हलमा गरिने छ । असारको अन्तिम साता हुने छ ।

इञ्जिनियरिङ्गमा प्राविधिक कार्यशाला

पोखरा १९ वैशाख ।

समाजमा प्राविधिक ज्ञानलाई बढावा दिने लक्ष्यका साथ गठित संस्था टेक्नोभोकी आयोजनामा शनिवार पोखरा इञ्जिनियरिङ्ग कलेज, पोखरामा एक दिने प्राविधिक कार्यशाला सम्पन्न भएको छ । कार्यशालामा सहभागीहरुलाई कोड इनाइटर फ्रेमवर्क सम्बन्धी प्रयोगात्मक सीप सिकाइएको संस्थाका अध्यक्ष बाबुराम नेपालीले रचनात्मक र परिणाममुखी काममा ध्यान दिने बताए । विगतका दिनहरुमा ट्रेड युनियनमा समस्या आईपरे सडकदेखि कारखाना बन्द गरेर आफनो औंठ्यार पुरा गर्ने परिपाटी थियो, उनले भने-"अब त्यो साटोलाई पुर्णविराम लगाएर बार्ता र छलफलबाट समाधानका उपाए निकाल्ने छौं ।" यस्तै बक्यालले कास्कीबाट बालश्रम न्युनिकरण को सट्टा उत्पुलनको कार्यदिशालाई अवलम्बन गरिने बताए । सरसफाईमा युवा अभियानका संयोजक रेशम योगि, केन्द्रीय सदस्य सुदर्शन बस्नेला, शीव बहादुर अधिकारी, विष्णुप्रसाद पोखरेल, कृष्ण अर्याल लगायत महासंघमा आबद्ध २५० वढि मजदुर नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो ।

समाजवादी ट्रेड युनियनद्वारा सरसफाइ

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ वैशाख ।

नयाँ शक्ति नेपाल निकट मजदुरहरुको संगठन समाजवादी ट्रेड युनियन महासंघले पोखराको लेकसाईडमा सरसफाई गरि १२७औं अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाएको छ । उहि काम तर रचनात्मक ढगले गर्ने र नारावाजी भाषणलाई भन्दा परिणाममुखी कार्यदिशालाई आत्मसाथ गरेको समुहनले लेकसाईडको हल्लनचोक देखि फिस्टेलगेटसम्म सरसफाई कार्यक्रम आयोजना गरेको महासंघका कास्की संयोजक बाबुराम अधिकारीले बताए ।

नयाँ शक्ति नेपाल क्षेत्र नं ४ का संयोजक रिम बस्नालले झाडु लगाएर कार्यक्रमको शुभारम्भ गर्दै संगठनले सधैं सिर्जनात्मक, धर्मराज अधिकारी, सुर्यचन्द्र विकास समाजका अध्यक्ष वसन्त भण्डारी, बडा नागरिक मञ्चका अध्यक्ष अञ्जु केसी, सशस्त्र प्रहरी बल कालिका गणका गणपति फाँडिनराज शर्मा लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा जगदम्बा ट्राभल्सका प्रोप्राइटर केशव प्रसाद अधिकारीले ५ हजार नगद सहयोग प्रदान गरेका थिए । उपशाखा ५ का सभापति बुद्धिसागर खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य कार्यक्रम संयोजक एवं उपकोषाध्यक्ष कालिका थापा तथा धन्यवाद ज्ञापन सचिव भेक बहादुर थापाले गरेका थिए भने सभापति शिव प्रसाद कोइराला, कृष्ण मणि भुर्याल, उज्वल खवी, रामजी प्रसाद बराल लगायतले बोलेका थिए। अधिवेशनवाट भाएका छन् । त्यसैगरी मालेपाटन महेश्वर बरालको अध्यक्षतामा नरायण भट्टराई उपाध्यक्ष, विजय सुवेदी सचिव र राजकुमार चौलागाई उपसचिवमा निर्वाचित भएका छन् । त्यसैगरी मालेपाटन टोल कमिटीको प्रथम अधिवेशनको उद्घाटन नेकपा एमाले क्षेत्रीय सदस्य उज्वल खत्रीले गर्दै पार्टी सशक्त हुन स्थानीय तहका कमिटी सुदृढ हुनुपर्ने बताए । क्षेत्रीय सदस्य वसन्त भण्डारी, शिव प्रसाद कोइराला, कृष्णमणि भुर्याल, सन्दीप खेइराला लगायतले शुभकामना मन्तव्य राखेका थिए । अधिवेशनले अध्यक्षमा चन्द्र प्रसाद बराल, उपाध्यक्षमा वसन्त श्रेष्ठ, सचिवमा ऋषिराम बराल, उपसचिवमा टेक बहादुर रुसाइली निर्वाचित भएका छन् ।

एमालेको ४ वटा टोल कमिटी गठन

पोखरा १९ वैशाख ।(गोल्डेन)

नेकपा एमालेले बडा कमिटी पोखरा ५ ले वडाभित्र औद्योगिक संरचना अन्तर्गत ८ वटा टोल कमिटी गठन गर्ने निर्णय अनसार ४ वटा टोल कमिटी गठन गरेको छ । मालेपाटन जिरो किमी टोल कमिटीको प्रथम अधिवेशनको उद्घाटन गर्दै पार्टीका राष्ट्रिय प्रतिनिधि परिषदका पूर्व सदस्य क्या.लालकाजी गुरुङले नेकपा एमालेको संगठनबारेमा र प्रभावकारी बनाउन टोल कमिटी सकृय हुनुपर्ने बताए । अधिवेशनमा बडा कमिटी पोखरा ५ का अध्यक्ष विष्णुप्रसाद बरालले संविधान कार्यान्वयन र राष्ट्रिय स्वाधिनता बारे बोलेका थिए । टोल कमिटीमा अध्यक्ष दिया थापा, उपाध्यक्ष धर्मदत्त तिमिल्सिना, सचिवमा अंनिता सुवेदी र उप-सचिवमा रामजी प्रसाद बराल लगायतले बोलेका थिए। अधिवेशनवाट भाएका छन् । त्यसैगरी मालेपाटन टोल कमिटीको प्रथम अधिवेशनको उद्घाटन नेकपा एमाले क्षेत्रीय सदस्य उज्वल खत्रीले गर्दै पार्टी सशक्त हुन स्थानीय तहका कमिटी सुदृढ हुनुपर्ने बताए । क्षेत्रीय सदस्य वसन्त भण्डारी, शिव प्रसाद कोइराला, कृष्णमणि भुर्याल, सन्दीप खेइराला लगायतले शुभकामना मन्तव्य राखेका थिए । अधिवेशनले अध्यक्षमा चन्द्र प्रसाद बराल, उपाध्यक्षमा वसन्त श्रेष्ठ, सचिवमा ऋषिराम बराल, उपसचिवमा टेक बहादुर रुसाइली निर्वाचित भएका छन् ।

नेपाली कांग्रेस हेमजा वुथ कमिटीमा कुँवर

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ वैशाख ।

नेपाली कांग्रेस पोखरा-२९ हेमजाको नगर बडा मतदान केन्द्र कार्य समिति (वुथ कमिटी) को सभापतिमा नारायणबहादुर कुँवर निर्विरोध निर्वाचित भएका छन् । समितिकाको उपसभापतिमा बलराम त्रिपाठी बलेन, सचिवमा चितानन्द त्रिपाठी, सचिवमा भरतराज अधिकारी, कोषाध्यक्षमा महोदत्त पौडेल मणि, सहसचिवमा गौमति त्रिपाठी रंगा तथा सदस्यहरुमा चक्रमान श्रेष्ठ, सिस्कारान कुँवर, विनोदप्रसाद त्रिपाठी, रीता काकी कुँवर, र भलकदर बहादुर रानामगर रहेका छन् । त्यसैगरि मनोनित सदस्यहरुमा हिमलाल पौडेल, अम्मरबहादुर जिसी, कपिलप्रसाद अधिकारी, खिमबहादुर कुँवर, विनोद त्रिपाठी र शर्मिला सापकोटा रहेका छन् । ईकाई समितिमा वुथ कमिटी निर्माण गर्ने पार्टी व्यवस्था भएअनुरुप पोखरा-२९ मा वुथ कमिटि गठन गरिएको नेपाली कांग्रेस पोखरा-२९ का इकाई सभापति बालु सुवेदी र उप-सचिवमा टेक बहादुर रुसाइली निर्वाचित भएका छन् ।

मजदूर दिवसमा रेडक्रसको रक्तदान

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ वैशाख ।

नेपाल रेडक्रस सोसाइटी पोखरा र उपशाखाले विश्व श्रमिक दिवस मे १ को अवसरमा खुल्ला रक्तदान कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रमका प्रमुख अतिथि पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दु कुमार थापाले प्रथम रक्तदाता पार्वती लामिछाने लाई ब्लड ब्याग हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए । ४० जना रक्तदाताहरुले रक्तदान गरेको कार्यक्रममा ४० युनिट रगत संकलन भएको थियो । कार्यक्रममा वेला पोखरा ५ उपशाखाका पूर्व सभापति शिव प्रसाद कोइराला, कृष्ण मणि भुर्याल, उज्वल खवी, राज प्रसाद सुवेदीले गरेका थिए ।

मनाङमा पहिलो पटक नागरिक संवाद

पोखरा १९ वैशाख ।

नागरिक संवाद केन्द्र गण्डकी पोखराको आयोजनामा मनाङ जिल्लाको तार्चे बगरछापु चामे र धाका गरि तीन गा.वि.स.को समाहलमा संविधानमा भएका व्यवस्थाहरुको बारेमा गा.वि.स.का राजनीतिक दलका प्रमुख तथा प्रतिनीधिहरु, नागरिक समाजका प्रमुख तथा प्रतिनीधिहरु को बीचमा अन्तर्क्रियात्मक कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा सहभागी वक्ताहरुले संविधान जारी भएपनि मनाङ जिल्ला दुर्गम भएकोले पहिलो पटक यस्तो कार्यक्रम सम्पन्न भएकोमा खुशी व्यक्त गरेका छन् । नागरिक संवाद केन्द्र, गण्डकी, पोखराका प्रमुख अधिवक्ता जुना कुमारी गुरुङले नागरिक संवाद केन्द्रको अभियानका साथै नेपालको संविधानमा व्यवस्था भएका नागरिकता, मौलिक हक, संघीय संरचना र निर्वाचन सम्बन्धी व्यवस्थाको बारेमा सहजीकरण गरेकी थिइन । कार्यक्रममा जिल्ला सरकारी न्यायाधिवक्ता दिनेश रेग्मीले कानूनको अनभिज्ञता क्षम्य नहुने भएकोले कानूनको बारेमा जान्न सबैलाई आग्रह गर्नुको साथै कानून सम्बन्धि जुनसुकै विषयमा जुनसुकै वेला पनि छलफल गर्न सकिने बताए । मनाङ जिल्ला अदालतका निमित्त श्रेस्तेदार युवराज ढकालले मनाङ जस्तो दुर्गम जिल्लामा पनि संविधान सम्बन्धी कार्यक्रम ल्याएर मनाङवासीहरुलाई सचेत गराएका थिए । कार्यक्रममा तार्चे बगरछाप गा.वि.स. का एमाओवादीकी जिल्ला सदस्य पेम्बा लामा, कर्मी गुरुङ, नेपाली कांग्रेसका पासाङ लामा, प्रकाश उच्च मा.वि.का शिक्षक पदमराज पन्थी, गा.वि.स. सचिव मोतीलाल ढकाल, चामे गा.वि.स.का सचिव नीलकण्ठ पौडेल, ध्यारु गा.वि.स.का सचिव रामप्रसाद तिवारी, नेपाली कांग्रेस चामेका उप-सभापति यज्ञप्रसाद घले, चामे तमु समाजका अध्यक्ष ममाया घले, धाका गा.वि.स. का समाजसेवी कर्म छिरिङ गुरुङ लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

कास्कीकोट कौरावारीमा सामुदायिक भवन शिलान्यास

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ वैशाख ।

विदेश गएका युवाहरुले फेसबुकबाट रकम संकलन गरी कास्कीकोट-९ गैरावारीमा एक कार्यक्रमका बीच सभासद डिल बहादुर नेपालीले सामुदायिक भवनको शिलान्यास गरेका छन् । सामाजिक सजालको प्रयोग गरी गाउँमा कार्यक्रमहरु गर्न संजिलो बनाउने अभियान सहित सामुदायिक भवनको शिलान्यास गरिएको हो । सभासद नेपालीले आगामी आर्थिक वर्षको संसद विकास कोषबाट एक लाख एक हजार एक रुपयाँ दिने घोषणासमेत गरेका छन् ।

कार्यक्रममा समाजसेवी बेधनीधि शर्माले अभियानको सफलताको कामना व्यक्त गर्दै ३७ हजार दुई सय रुपयाँ प्रदान गरे । गाउँमा निर्माण हुन लागेको सामुदायिक भवनले आगामी दिनमा तालिम बैठक र सेमिनार संचालन गर्न संजिलो हुने मा गाउँलेहरु विश्वस्त छन् । नयाँ शक्ति नेपालका केन्द्रीय सदस्य देवी सुवेदीले १५ हजार स्थानीय आमा समूहले १० हजार आर्थिक सहयोग गरेका छन् । शिलान्यास

सँगै गाँमा परिवर्तन नेपालसगँको सहकार्यमा एक दिने निःशुल्क स्वास्थ्य शिविर समेत संचालन गरिएको थियो । शिविरमा १०६ जनाको मधुमेह, रक्तचाप लगायत रोगहरुको परीक्षण तथा उपचार गरिएको परिवर्तन नेपालका अध्यक्ष डा. दीक्षे श्रेष्ठले जानकारी दिए । जगयाता गणेश बहादुर बस्नेत र सानो चिनबहादुर बस्नेतलाई प्रमाणपत्र तथा दोसल्लाद्वारा सम्मान गरिएको थियो । कार्यक्रममा ज्येष्ठ नागरिक कुँवर प्रसाद सुवेदी तथा हर्क थापालाई दोपल्ला ओढाएर सम्मान गरीएको थियो । समाजमा हुने यस्ता कियाकलापले अन्य समाजमा पनि उदारणीय प्रस्तुत गरेको सहभागीहरुले बताएका छन् । कार्यक्रम गैरावारी चौतारो निर्माण समितिका अध्यक्ष हिक्मत बहादुर बस्नेतको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन शेषराज तिमिल्सिनाले गरेका थिए । भवन निर्माण गर्न करिब २५ लाख रुपैयाँ खर्च लाग्ने र सहयोग आउने क्रम जारी रहेको निर्माण संयोजक मिन बस्नेतले बताए। वेदहरि तिमिल्सिना, डिल्लीराम भट्टराई, खेमनाथ तिमिल्सिना, भरत अधिकारी, अगिनचर त्रिपाठी, भीम सुवेदी, देवी सुवेदी लगायतले सामाजिक कार्यमा युवाहरुले विदेशबाट सुरु गरेको अभियानको प्रशंसा गरेका थिए । यसअघि गैरावारीमा रहेको चौतारोको पुनर्निर्माण समेत गरिसकिएको छ ।

राप्रपा नेपालको हेमजा र चापाकोटमा भेला

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ वैशाख ।

राप्रपा नेपाल कास्कीले कास्की जिल्लाको क्षेत्र नं. ४ अन्तर्गत हेमजा र चापाकोट गा.वि.स.मा भेला सम्पन्न गरेको छ । हरेक बडा, क्षेत्रमा राप्रपा नेपाल भन्ने राप्रपा नेपालको राष्ट्रिय अभियानलाई सार्थक तुल्याउनका लागि भेला आयोजना गरिएको भिडिया नेपालका केन्द्रीय उपाध्यक्ष सूर्य बस्तोलाले जानकारी दिए ।

कार्यक्रममा बोल्दै भेलाका प्रमुख अतिथि केन्द्रीय सदस्य तथा धौलागिरी संयोजक कुल बहादुर गुरुङ कुलुले हिन्दु राष्ट्र कायम गर्न लागिपर्ने बताए ।

आफू गैरहिन्दु भए पनि हिन्दुत्व जोगाउनुपर्छ भन्ने हिसाबमा अघि बढेको र आम कार्यकर्ताहरुलाई हिन्दु राज्य जोगाउन अगाडि बढ्न आगह गरे । जिल्ला अध्यक्ष जयलाल पुनले राष्ट्र बचाउने सवालमा राप्रपा नेपाल एकमात्र पार्टी भएको दावी गर्दै सत्ता प्राप्तिका लागि विदेशी प्रभुहरुसँग झुक्न नहुनेमा जोड दिए । उनले ९४ प्रतिशत हिन्दुहरु भएको देशलाई हिन्दु राष्ट्र कायमै गरेर छाड्ने बताए ।

कार्यक्रममा केन्द्रीय सदस्य शिवकुमार बास्तोला, प्रशिक्षण विभाग केन्द्रीय सदस्य वरुण विक्रम राणा, जिल्ला उपाध्यक्ष नेत्र बहादुर बस्नेत, युवा मोर्चाका केन्द्रीय सदस्य शमशेर गुरुङ, सह-सचिव रन्जना सेन पौडेल, क्षेत्रीय अध्यक्ष जीवन कुँवर, क्षेत्रीय सचिव निर्मल खत्री, रामेशवर कोइराला, युद्धबहादुर कोइराला, परमेश्वर बस्नाकोटी, टेकबहादुर थापा लगायत नेता तथा कार्यकर्ताले हिन्दु राष्ट्र बचाउन जोडदार माग गरे ।

पोखरा-२७ हेमजामा तोरण थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा रोप्सम कुँवरको अध्यक्षतामा २१ सदस्यीय बडा कमिटी गठन गरिएको थियो भने चापाकोटमा पुर्णबहर सुनारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा तारानाथ पराजुलीको २५ सदस्यीय गाउँ कमिटी गठन गरिएको कार्यक्रममा संचालन क्षेत्र नं.४ का सचिव तीर्थ सुवेदीले गरेका थिए । कार्यक्रममा जिल्ला स्थित नेता तथा कार्यकर्ताहरुको उल्लेख उपस्थिति रहेको थियो ।

कास्कीमा डडेलोको कारण पानी हाहाकार

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ वैशाख ।

सुख्खायामसँगै जंगल क्षेत्रमा लागेको डढेलोका कारण विभिन्न क्षेत्रमा खानेपानीको हाहाकार भएको छ । कास्कीका विभिन्न क्षेत्रमा पनि डढेलोले खानेपानीका लागि बिछ्याइएको पाइप जलेपछि खानेपानीको समस्या भएको हो । शनिवार पोखरा-१९ घामीमा रहेको दुलो पाखा वनमा आगलागी भएपछि घामीमा खानेपानीको हाहाकार मच्चिएको छ । आगोले पाइप नै जलाएपछि शनिवार दिउँसोबाटै धारामा पानी आउन छाडेको स्थानीय वृद्धा सरस्वती पौडेलले जानकारी दिए ।

सुख्खायाममा पानीको समस्या भोग्दै आइरहेका घामीवासी आगलागीका कारण थप समस्यामा परेका छन् ।

घामीमा धारामा पानी आउन छाडेपछि उनीहरु डेढ घण्टा हिँडेर घामी खोला धाउनुपर्ने बाध्यता भएको छ । काम गर्ने युवाहरु शहर तिर र रोजगारीका लागि विदेशिए पछि गाउँमा रहेका वृद्धवृद्धालाई पानीका जोहो गर्न समेत धौ धौ पर्ने पौडेलले बताए ।

शनिवार लागेको डढेलोबाट ५ हेक्टर वन क्षेत्र नष्ट भएको छ । डढेलोबाट उत्पन्न खानेपानीको समस्या समाधानका लागि पहल गरिदिन विभिन्न निकायसँग गाउँलेले आग्रह समेत गरेका छन् ।

रानीवनमा आगलागी

पोखरा १९ वैशाख ।(गोल्डेन)

फेवाताल किनारमा रहेको रानी वनमा आगलागी भएको छ । आगलागी नियन्त्रणका लागि शस्त्र प्रहरी, जनपथ प्रहरी र स्थानीय जुट पर्न आगी नियन्त्रणमा आउन सकेको छैन । आगो नियन्त्रणका लागि शस्त्र प्रहरीका १६ र प्रहरीका १९ जना खटिएको प्रहरीले जानकारी दिएको छ । कास्कीका वनमा केही दिनयता डढेलो लाग्ने क्रम बढ्दै गएको छ । जिल्लाका विभिन्न सामुदायिक तथा निजी गरी हाल ४० वढी वनमा आगलागी भएको जिल्ला वन कार्यालयले जनाएको छ । नियन्त्रणका लागि स्थानीयवासी र प्रहरी सकिय भए पनि चर्को खेदरी र गर्मीका कारण नियन्त्रण बाहिर रहेको प्रहरीको भनाई छ ।

आगलागीले मानवीय क्षति भएको छैन यद्यपि लाखौं रुपैयाँ बराबरको क्षति भएको छ । कास्कीका २० हेक्टर क्षेत्रमा डढेलोले असर पारेको छ । पोखराका छिमेकी गाउँ पुम्दीभुम्दी, लुम्ले, लामाचौरको घामी, पँचासे क्षेत्रका वनमा केही दिनदेखि आगलगी भएको हो ।

बस्ती नै सखाप

बाग्लुङ १९ वैशाख ।(गोल्डेन)

शनिवार दिउँसोदेखि भएको आगालागीबाट दक्षिण धुल्लाबास्कोट को एक बस्ती नै सखाप भएको छ । धुल्लुबास्कोट-१ भाइखर्कवाट फैलिएको आगोबाट बढ्दा नं १ को झुले बस्तीका १३ घर र २४ गोठ जलेर नष्ट भएका हुन् । जङ्गलको बीचमा रहेको बस्तीमा बाँकी आठ घर पनि उच्च जोखिममा छन् ।

तीव्र गतिमा चलेको हावाहरीसँगै तलवाट आगो फैलिँदै आएकाले बस्ती नै सखाप परे पनि मानवीय क्षति भने नभएको इलाका प्रहरी कार्यालय बरेडले जनाएको छ ।

किसान महासंघ क्षेत्रीय समन्वय समिति गठन

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ वैशाख ।

कास्की क्षेत्र नं. १ अन्तर्गत कृषि पेशामा आबद्ध किसानहरुको भेलाबाट किसान महासंघ क्षेत्रीय समन्वय समिति गठन गरिएको छ । नेकपा एमालेको लोकप्रिय जनवर्गीय संगठन किसान महासंघको केन्द्रीय उपाध्यक्ष एवम् नेपाल सरकारका निवर्तमान सुकुम्बासी आयोगका केन्द्रीय अध्यक्ष शारदा सुवेदीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा प्रमुख अतिथि सुवेदीले नेपालमा राजनीतिक क्रान्ति अब सम्पन्न भइसकेको जिकिर गर्दै अब आम नेपाली जनताहरू कृषिक्रान्ति गर्नुपर्ने चर्चा गर्दै नेपालीलाई आत्मनिर्भर र मुलकलाई समृद्ध बनाउनका लागि हामी सबै उत्पादन र उद्यमशिलतामा लाग्नु पर्ने बताए । सम्मेलनमा पुष्पलाल स्मृति प्रतिष्ठानका अध्यक्ष विजयबाबु बनवासी, लेखनाथ नगर समन्वय कमिटीका संयोजक शंकरलाल पौडेल, जिल्ला निर्वाचन कमिटीका अध्यक्ष टिकाराम पंगेली, क्षेत्र नं. १ का कार्यवाहक अध्यक्ष उमा परियार, सचिव बालकृष्ण गुरुङ 'विवश', उप-सचिव पसवबादुर बस्तीला, युवा संघ जिल्ला अध्यक्ष विष्णु पुन, नगर समन्वय कमिटिका अध्यक्ष मोहन गुरुङ, नरेन्द्र डुंगाना, वैनबहादुर गुरुङ लगायतका वक्ताहरूले बोलेका थिए ।

सो अवसरमा सम्मेलनले हाललाई १५ सदस्यीय क्षेत्रीय समन्वय समिति गठन गरेको छ । जसमा मोहन गुरुङ, भिमप्रसाद बस्तीला, चूणामणि, होमनाथ पौडेल, ऋषिराज गौतम, भूमिश्वर आचार्य, वैनबहादुर गुरुङ, पदमराज तिवारी, योगराज बराल, नारायण सापकोटा, बुद्ध गुरुङ, बुद्धिबहादुर गुरुङ, तेजप्रसाद सापकोटा, कुलबहादुर रानाभाट, बालकृष्ण गुरुङ 'विवश' लगायत छन् । किसान महासंघको कास्की जिल्ला अध्यक्ष दयाराम बालकृष्ण गुरुङ अध्यक्षतामा भएको सम्मेलनको सहजिकरण र उद्देश्यबारे नि.वर्तमान जिल्ला सभापति एवम् केन्द्रीय लेखा आयोगका सभापति पुष्पप्रसाद पौडेलले प्रकाश पारेका थिए ।

प्रो. वद्री के.सी. : ८८५६०२५८४६
प्रो. गोपाल बहादुर कार्की : ८८५६०३९८७२
प्रो. राजेश के.सी. : ८८५६०३७३७९

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापोतीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्पर्कहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

के तपाईं F.M. मा काम गर्न चाहनुहुन्छ ?
अथवा कुनैपनि कार्यक्रममा हुक्क भएर बोल्न चाहनुहुन्छ ?
वा आफ्नो बोल्ने कलाको विकास गर्न चाहनुहुन्छ ?
व्यक्तित्व तेतुल्य विकास गर्न चाहनुहुन्छ ?
कि तपाईं बोलेर अरुलाई प्रभाव पार्न चाहनुहुन्छ ?
चाहनुहुन्छ भने हामीलाई सम्पर्कहोस् ।

नेपाल सरकारबाट मान्यता प्राप्त यस संस्थामा तालिम लिएका धेरै भन्दा धेरै जनाले थुप्रै F.M. मा काम गरिसकेका छन् ।
अब तपाईंको व्यक्तित्व तेतुल्य विकास गराउन र सशक्त एवं सफल संचारकर्मी बनाउन रेडियो प्रस्तोता उद्घोषण तथा पत्रकारिता तालिम दिइँदै छ। आजै भर्ना भइ मौकाको फाइदा उठाउनुहोस्। सीट सीमित छ।
प्रशिक्षकहरू : काठमाडौंका ख्याति प्राप्त संचारकर्मी नरेश भट्टराईका साथै पोखराका थुप्रै अनुभवी संचारकर्मीहरु ।
हाम्रा सेवाहरु
तालिम लिइ नृत्य/कम्प्युटर कोर्स सिर्टिमा
उत्कृष्ट रोजगारको अवसर
अनुभवी प्रशिक्षकहरुद्वारा तालिम गराइ सशक्त बनाइने ।
कक्षा संचालन भइरहेको छ ।
RJ MC
क्रियटिभ ब्रोडकास्टिङ मिडिया प्लस
न्यूरोड, (भाटभटेनी अगाडि), ४८४६०२४७५७, ४८५५२४७७५७
कोही सम्पर्कका लागि विशेष छुटको व्यवस्था छ ।

विदेश जानेहरुका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin डुबई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्यूरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
तालिम अवधि लगभग तीन महिनाको छ ।
तालिम विशेषताहरू :-
०शतप्रतिशत उत्तीर्ण गराउन सफल ०आफ्नै मनोयोग कम्पनीबाट छात्रावास गराइने ।
०१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क : फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचौकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेस कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५२२०५२, मो. ९८४६०-४१९१२

निःशुल्क कम्प्युटर शिक्षा
Green Plus Nepal
को सहयोगमा SLC तथा अन्य विद्यार्थीहरुका लागि १५० जना कोटा भएको हुँदा २०७२ ⁄ ७३ ⁄ २० सम्मका लागि Basic, Diploma, Accounting, Graphic, Designing, PU, English Language लागि निःशुल्क कम्प्युटर शिक्षा प्रदान गर्दै आएको छ साथै Hotel management को Bridge course संचालन भइरहेको छ ।
नोट : ल्यापटप नभएकाहरुका लागि ७५% सम्म छुटको व्यवस्था गराएको छ । *Load-Shedding No Problem*

High Mount Computer	Informatic Institute
विन्ध्यवासिनी, पोखरा-२	सुजनचोक, पोखरा-८
०६१-४२७४३५,	०६१-५२३७६०
९८५६०६६४८०	९८४६०४१९१७

बैंक ब्यालेन्स
बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्पर्कगर्नुहोस् ।
सम्पर्क
९८२६५१-०६६०२

हार्दिक सम्वेदना

जन्म: वि.स.२०५२/००६/५५
स्वर्गारोहण वि.स.२०७३/०५/०८

स्व. ई. रामजी नेपाल

चिप्लेढुङ्गा टोल विकास संस्थाका सदस्य ई. सञ्जीव नेपालका पुजनीय पिता ई.रामजी नेपालको असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत भएका छौं। उहाँको इ:खद् निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

भरत प्रसाद पराजुली
अध्यक्ष एवं
चिप्लेढुंगा टोल विकास संस्था परिवार
पोखरा उप-महानगरपालिका वडा नं. ४

हार्दिक सम्वेदना

जन्म: वि.स.२०५२/००६/५५
स्वर्गारोहण वि.स.२०७३/०५/०८

स्व. ई. रामजी नेपाल

पोखरा उप-महानगरपालिका वडा नं. ४, चिप्लेढुङ्गा निवासी नेपाली कांग्रेसका सक्रिय कार्यकर्ता ई. सञ्जीव, विनोद र सुदिप नेपालका पुजनीय पिता ई.रामजी नेपालको असामयिक निधन भएकोमा हामी अत्यन्नै मर्माहत भएका छौं। उहाँको इ:खद् निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्मको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् ।

जोतिन्द्र प्रसाद पराजुली
वडा सभापति एवं
नेपाली कांग्रेस, पोखरा-४ परिवार

पोखरामा पहिलो पटक
यौनदुर्बल : तिघ्रको साइज, पावर बढ्छन्, हिप्स स्पञ्जल रोयल, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढ्छन्, पाठ्छन्, टाइट गर्न, गुजाइ ऊसिलो बनाउन, पेटको घिरा हटाउन।
केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन सप्त अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Builder पाउडर (More Slim)
शाही नदिई जाँड रक्सी धुरीट खैनी, गाँजा तथा हुक्स छुटाउने।
दाँत तथा जोर्नी दुखाई ठिक पार्ने, सस्तो सुधा पेलेलिस।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

सेक्यूरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर
Abudhabi मा Spark Middle East Star Skill Force, UAE मा DPS कतारको Group-4 सहरहरु, यस्तै मलेसियाका प्रतिष्ठित सेक्यूरिटी गार्डहरु जस्तै डुबईमा रहेको Diplomatic सेक्यूरिटी गार्ड तालिम, अंग्रेजी भाषा र अन्तर्राष्ट्रिय स्तरको सम्पूर्ण व्यवस्थापन सहितको हुँदा इच्छुक व्यक्तिले ६ महिनाको गार्ड तालिम लिएर आफ्नो भविष्य सँवार्नुहोस् यस्तै अवसर फेरि आउने छैन ।
तयारी कक्षा सञ्चालन
सम्पर्क
आमोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्ट, रोयल इम्पायराका साथै सिपेकको समस्या साधान , वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०१६४, मो. ९८४६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

अनेक समस्या सफल उपचार
एग्याष्टिक: खाना सँघ नहुने, अमिलो पानी आउने, झोसिल डकार आउने जस्तो सुकै पुरानो ग्यास्ट्रिकको सफल उपचार ।
यौन समस्या: लिङ्ग स्थलत, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्खलन दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनावारी गडबडी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट दाह्रे कम्मर दुखे, पेट तथा छातीमा भएको बेली घर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा हाइट गर्ने, यौन समस्यामा कतै हुन जस्तो सुकै समस्याको आयुर्वेदीक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो पाखी पोल्ने, दुषितमुहाँर, दाग धब्बा, मस्किया, कोरी, चाउरपाँच हटाई पुरै शरिर गोरो बनाउने ।
दुईवटा चामलको बिचिमाको पोलि चमत्कारी भाषी पानीले चमत्कार !!
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिसास, याइस, हर्म साथै बाथ, दाह कम्मर, हाड जोर्नी पुरै जरिर ई.खाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्म्स
एभरेष्टचोक, पोखरा, मुलिनजाम विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्सका भवन भित्र
फोन नं ०६१-५२१८६७, ०६-५२२८९८, मो. ९८४६१३७४१८

बौद्ध चैत्यको सत्वार्षिकी कार्यक्रम सकियो

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ वैशाख ।

मोहरिया टोलको हाग्रो संगम पार्क संगै अवस्थित वि.सं.१९७३ सालमा निर्मित बौद्ध चैत्यको दुई दिवसीय "सत्वार्षिकी कार्यक्रम" सम्पन्न भएको छ। मूल आचार्य लुम्बिनी बौद्ध विश्व विद्यालयका उपकुलपति प्रा.डा.नरेशमान वज्राचार्यले गौतम बुद्धको प्रतिमामा दीप प्रज्वलन गरी समारोहको उद्घाटन गरेका थिए। कार्यक्रममा बो.न्दै आचार्य डा.वज्राचार्यले एकसय वर्ष पुरा गरेको मोहरिया टोलको चैत्य नेपालको कानून अनुसार पोखराको माथ नभइ देशकै सम्पदा बन्न पुरेको हुनाले यस चैत्य प्रति पुरातत्व विभागको पनि अधिकार रहने र पुरातत्व विभागले पनि यसबारे सरोकार देखाउने जानकारी दिए। बुद्धको जीवन कालमा नै चैत्य बनाउने परम्पराको थालनी भइसकेको प्रसंग उठाउदै सम्राट अशोकले चौरासी हजार वटा चैत्य बनाउने लक्ष्य राखेर चैत्य बनाउन थालेपछि चैत्य निर्माणमा व्यापकता आएको बताए। सो अवसरमा मोहरिया टोलको बौद्ध चैत्यको संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै तुलमादेवी बुद्धाचार्यलाई दोसल्ला र ताम्रपत्र बाट सम्मान गरिएको थियो। कार्यक्रममा दायक सभा धर्मशीला बुद्ध विहारका अध्यक्ष कृष्णमान गुभाजू, सद्धर्म सभा धर्म संघ बुद्ध विहारका अध्यक्ष भरतराज शाक्य र मोहरिया सिंहनाथ टोल विकास संस्थाका अध्यक्ष दुर्गामान बुद्धाचार्यले बोलेका थिए। चैत्य स्थापनाको सय वर्ष पुरा भएको उपलक्षमा मूल आचार्य प्रा.डा. नरेशमान वज्राचार्यको नेतृत्वमा काठमाडौंबाट आएका अन्य चार जना गुरुजू, दुई जना गुरुमा लगायत पोखराका गुरुजू र आजूरुरुको संकियतामा विहान ७ बजे देखि मध्यान्न १२ बजे सम्म चैत्यको सम्मुखमा सहश्रआहुति होम एवम् सप्तविधानुसार पूजा सम्पन्न भएको थियो। बौद्ध चैत्य सत्वार्षिकी समितिका संयोजक राकेशमान बुद्धाचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सदस्य पुर्णमान बुद्धाचार्यले स्वागत र विक्रम बुद्धाचार्यले कार्यक्रम संचालन गरेका थिए।

पोखरा फेवा वेगनास लायन्सको प्रशिक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ वैशाख ।

लायन्स क्लब अफ पोखरा फेवा वेगनास चौतारीको प्रशिक्षण कार्यक्रम पोखरामा सम्पन्न भएको छ। लायन्स क्लब अफ पोखरा सिर्जना चौतारीको स्पोन्सर क्लब रहेको यस क्लबको प्रशिक्षण कार्यक्रमको सहजीकरण लायन्स क्लब अफ इन्टरनेशनल ३२५ बी १ का ग्लोबल लिडरशिप टिम को-अर्डिनेटर परमेश्वर बरालले गरेका थिए। लायन्स क्लब मन मिल्ने साथीहरुको समूह रहेको भन्दै उनले हाल विश्वमा ४७ हजार लायन्स क्लब र १४ लाख यसका सदस्य रहेको बताए।

पोखरामा सन् १९७६ मा शिक्षाविद जर्ज जोनले लायन्स क्लब स्थापना गरेको हाल पोखरा एरियामा ७० क्लब रहेको बरालले जानकारी दिए। उनले कार्यक्रममा उपस्थित नयाँ सदस्यहरुले राखेका जिज्ञासा मेटाएका थिए। प्रशिक्षण कार्यक्रम आफ्ना लागि निर्के उपयोगी भएको सहभागीहरुले बताए। कार्यक्रममा लायन्स क्लब अफ पोखरा सिर्जना चौतारी वर्ष २०१६/१७ का अध्यक्ष वसन्त गिरीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन विदान गौतमले गरेका थिए। प्रमुख अथिति समेत रहेका प्रशिक्षक बरालले लायन्स क्लब अफ पोखरा सिर्जना चौतारीका अध्यक्ष बराल र लायन्स क्लब अफ पोखरा फेवा वेगनास चौतारीका प्रस्तावित अध्यक्ष घिमिरेले उपहार प्रदान गरेका थिए।

इभी जर्मनीको सहयोगमा विविध तालिम

पोखरा १९ वैशाख ।(गोल्डेन)

पोखरा कलेज अफ मोडर्न टेक्निकल इन्स्टिच्युटको आयोजनामा जर्मनी फ्रुन्डेस्किन सेरलो इ.भी. जर्मनीको आर्थिक सहयोगमा संचालित ३ महिने निशुल्क तालिम सम्पन्न भएको छ। विभिन्न समूह गरी मोवाइल मर्मत टेक्निसियन, हायस वायरिङ इलेक्ट्रिसियन टेक्निसियन र एफ एम स्टुडियो टेक्निसियन गरी ३ वटा समूहमा ७५ जना भूकम्पपीडित, बाढी पीडित, बेरोजगार अपाङ महिला, इन्दपीडित बेरोजगार युवाहरुलाई लक्षित गरी दिइएको उक्त तालिम गत २०७२ माघ १० गतेदेखि शुरु भएको थियो। कार्यक्रम पोखरा कलेज अफ मोडर्न टेक्निकल मेनेजिङ डाईरेक्टर जगतमोहन गिरी अध्यक्षता तथा आर्थिक सहयोगदाता को संस्थाको तर्फबाट नेपाल प्रतिनिधि निग्मा शेपांको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो। कार्यक्रममा प्रशिक्षार्थीहरुका तर्फबाट तेन्जिङ सेपां, भीम प्रसाद पौडेल, बबिता गिरी, विशाल सिकेले अब आफ्नुहरु बेरोजगार भई कामको लागि भौतारिदै हिड्नु नपर्ने बताउदै तालिम दिने संस्थालाई धन्यवाद व्यक्त गरेका थिए। कार्यक्रममा प्रशिक्षकको तर्फबाट रेडियो सफलताका पवन्धक दुर्गा अधिकारी, प्रशिक्षक विष्णु कुमार खड्गी र फणिन्द्रराज चिलुवालले यस्ता तालिहरुले युवाहरुका मनोबल बढ्ने र युवाहरुको ध्यान स्वरोजगारतर्फ मोडिने बताए। सोही अवसरमा मणिपाल शिक्षण अस्पतालका प्यासेन्ट केयर को-अर्डिनेटर सुलोचना ढकालले सबै विद्यार्थीहरुलाई सीप अनुसारको काममा लाग्न प्रेरित गरिन्। कार्यक्रममा स्वागत मोना गिरी र कार्यक्रमको संचालन विद्यार्थी द्वय पार्वती थापा र चन्द्रकला वि.क.ले संयुक्त रुपमा गरेका थिए। तालिममा नेपालकै अति भूकम्प प्रभावित क्षेत्र सोलुखुम्बुवा गएर एक महिनासम्म भोलुन्टेयरी सम्पन्न गरी आएको र यो एउटा उदाहरणीय कार्य भएको संस्थाका डाईरेक्टर जगत मोहन गिरीले बताए।

थापाको शालिक बन्ने

बागलुङ १९ वैशाख ।

बगाले थापा क्षेत्रीका आदि पुरुष कालु थापाको शालिक बागलुङमा बन्ने भएको छ। मल्य-८ स्थित सात सय बगाले थापा कुल मन्दिर परिसरमा थापाको अर्धकदको शालिक बनाउन लागिएको हो। शालिकको यसै साता पोखरास्थित फेवा सिटी अस्पतालका प्रमुख चिकित्सक वृद्धिबहादुर थापाले शिलान्यास गरे।

विश्व मजदूर...

भुवेल निशा' लगायतले बोलेका थिए। अखिल नेपाल ट्रेड युनियन महासंघ कास्कीका अध्यक्ष नविन अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष लिला सिसिले स्वागत र सचिव गुणराज वास्तोलाले सञ्चालन गरेका थिए।

यसैगरी नेकपा एमाले निकट नेपाल ट्रेड युनियन महासंघ (निफण्ट) गण्डकी औलागिरीले पनि मजदुर दिवसको अवसरमा एक कार्यक्रमको आयोजना गऱ्यो। कार्यक्रममा बोल्दै एमालेका पोलिटब्युरो सदस्य गणेश तिमिल्सिनाले सामरिक समृद्ध हुन पहिला देश समृद्धि हुनुपर्ने बताए। उनले देश समृद्धि नभएसम्म नागरिक समृद्धि हुन नसक्ने स्पष्ट पारे।

देशको आर्थिक समृद्धिका लागि सबै लागुपर्ने समय आएको भन्दै उनले समाजमा हुने असमानताले गर्दा विभिन्न दुर्घटना हुने गरेको बताए। उनले भने-"समृद्ध परिवारमा पनि आत्म हत्या हुने गरेको छ, असमानताले गर्दा व्यक्तिहरुले अधिकार प्राप्तिका लागि लडाई गर्नु पर्ने हुन्छ, त्यसमा उनीहरुको चित्त बुझ्दो अधिकार प्राप्त गर्न नसके पछि, आफू अपहेलना हुने भए पछि पनि आत्म हत्या गर्ने गरेका छन।" उनले अब देशमा जारी भएको संविधानको कार्यान्वयन र मजदुरका हकहितका लागि सबै मजदुर एक हुनको विकल्प नभएको स्पष्ट पारे। जिफण्टका केन्द्रीय सचिव गुणराज आचार्यले मजदुरहरुले समृद्धि प्राप्ति नभएसम्म निरन्तर लडनुपर्ने बताए। जारी नयाँ संविधानले मजदुरका धेरै अधिकारलाई सुनिश्चित गरेपनि कार्यान्वयनमा जोड दिनुपर्ने उनले बताए।

जिफण्ट गण्डकी औलागिरीका अध्यक्ष मिना गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा एमाले कास्कीका अध्यक्ष कृष्ण थापा, जिफण्ट कास्कीको अध्यक्ष मेघबहादुर न्यौपाने, गण्डकीका सचिव लिला काफी लगायतले मजदुरहरुले ८ घण्टा काम, ८ घण्टा आराम र ८ घण्टा मनोरन्जन गर्न पाउनुपर्नेमा जोड दिएका थिए। यसअघि अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा पोखराका विभिन्न भागमा ज्याली प्रदर्शन गरिएको थियो।

के तपाईंमा यौनसम्बन्धी समस्या छ ?

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सुस्वा यौन रोग, स्वप्नदोष ।
महिलाहरूमा देखिने : स्तन सानो भिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिलावारीमा गडबढी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुबी, सेतो दुबीका साथै अन्य चर्मरोगहरू ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : पाथ्रल, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिशा बस्दा गाह्रो हुने, मलद्वार दुःखे, पोल्ने, दिशासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।
बिरामी जाँच्ने समय : बिहान ८:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
न्यौंबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एक्टेमीको ठीक अगाडि
फोन: ०६१-५३८९८४, ९८४६०४१५३, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

सुनौली पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्युज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक अगाधर पराजुली, निर्देशक हरिणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिल्लेढुंगा (सुनौली भवन), पोखरा, फोन:०६१-५३९५५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिल्लेढुंगा, पोखरा